# महाकाली नगरपालिका
## Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला,सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

प.स. ०७७/०७८ शिक्षा युवा तथा खेलकूद शाखा
च.न. २५५८

मितिः २०७८/०१/१६

विषयः विद्यार्थी परिचालन कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु
महाकाली नगरपालिका दार्चुला ।

उपरोक्त विषयमा कोभिड-१९ को दोस्रो भेरियन्ट नेपालमा पनि तीव्र रुपमा फैलिरहेको अवस्थामा यस कार्यालयको च नं २४४१ मिति २०७८/०१/१४ को पत्रबाट विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन तथा परीक्षा संचालन नगर्ने नगराउन हुन र अनलाइन वा अन्य वैकल्पिक माध्यमबाट विद्यार्थी मूल्यांकन गरी अभिलेखीकरण गर्ने गराउन भनी निर्देशन भए बमोजिम विद्यार्थीहरुलाई जीवनोपयोगी शिक्षाको माध्यमबाट सिकाइमा जोड्नका लागि कौसी तरकारी खेती, फुलबारी निर्माण तथा घरायसी फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित कार्यमा विद्यार्थीहरुलाई परिचालन गरी उनीहरुको सिर्जनशीलता, व्यावहारिक ज्ञान र सीप विकासमा सहयोग गर्ने उद्देश्यले महाकाली नगरपालिकाबाट निर्माण गरिएको कार्ययोजना यसै साथ संलग्न गरिएको छ । संलग्न कार्ययोजना बमोजिम गर्ने गराउन हुन अनुरोध छ ।

.....................
(डा. विजय भूर्तेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना प्रविधि शाखा - सूचना कार्यालयको वेभसाइटमा अपलोड गरिदिन हुन ।

ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com, website
www.mahakalimundarchula.gov.np

कोभिड १९ को दोस्रो भेरियन्ट नेपालमा पनि तीव्र रुपमा फैलिरहेको र यसको संक्रमण न्यूनिकरण गर्न SMS (social distance, mask र सेनेटाईजेसन) नै महत्वपूर्ण अस्त्र भएकाले CCMC को सिफारिसमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७८/०१/१३ गतेको निर्णय अनुसार विद्यालयमा भौतिक उपस्थितिमा हुने पठनपाठन एवं भौतिक उपस्थितिमा हुने परीक्षाहरु स्थगित गरीएको र यसबाट हुन सक्ने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न र विद्यार्थीहरुलाई व्यावहारिक तथा सृजनशील बनाउन एवं समयको सदुपयोग गरी समयानुकुल सिकाई गर्न विद्यार्थीको भौतिक उपस्थिति नहुने गरी भर्चुवल वा अन्य वैकल्पिक माध्यमको प्रयोग गरी नियमित सिकाई सहजीकरण गराउने र विद्यार्थीलाई सृजनशील बनाउन एवं विद्यालयमा भौतिक उपस्थितिमा पठनपाठन हुन नसक्ने अवधिमा आफ्नो खेतवारी वा कौसीमा तरकारी खेती , फुलबारी निर्माण गर्न र खेर गइरहेको प्लाष्टिकजन्य वस्तुबाट गमला, चकटी जस्ता सामाग्री निर्माण गर्ने कार्यमा विद्यार्थीहरुलाई प्रेरित गरी सिर्जनशील एवं व्यावहारीक ज्ञान प्रदान गर्न यो प्रस्ताव तयार गरी लागु गरिएको छ।

**उद्धेश्य**

(क)विद्यार्थीलाई कृषि क्षेत्रका वारेमा जानकार बनाउने।

(ख) विद्यार्थीहरुलाई पेशागत र व्यवसायिक कृषि प्रति आकर्षित गर्ने।

(ग)विद्यार्थीमा म पनि गर्न सक्छु भन्ने आत्मविश्वास जगाउने।

(घ)खेर गइरहेका वस्तुको सदुपयोग गर्न सक्ने बनाउने ।

(ङ)घर व्यवहारसंग जानकार गराउने ।

(च)ताजा तरकारी उपभोग गर्न पाउने वातावरण बनाउने।

(छ)घरबाट उत्पादन हुने कुहिने फोहरबाट भर्मिक कम्पोष्ट मल बनाउने सीप विकास गर्ने।

(ज)घरवारीलाई फुलवारीले सजावट गर्ने।

(झ) विद्यार्थीलाई आर्थिक गतिविधिमा संलग्न गराउने।

प्रमुख प्रशासकीय अधिकृत

भुमिका

**यो कार्यक्रम संचालन तथा व्यवस्थापनमा विभिन्न तहको भूमिका तपसिल बमोजिम हुनेछ ।**

**नगरपालिकाको भुमिका :-**

(१) विद्यार्थीहरुलाई खेतवारी वा कौसीमा तरकारी खेती एवं फुलवारी निर्माणका लागि आवश्यक पर्ने विउ विजन उपलब्ध गराउने।

(२) विद्यार्थीहरु लाई नगरपालिकाका कृषि प्राविधिकबाट कृषि सम्बन्धी प्राविधिक सेवा एवं सल्लाह उपलब्ध गराउने।

(३) नगरपालिका र वडा समिति बाट विद्यार्थीको सिर्जनशील कार्यको अवलोकन गरी आवश्यक प्रोत्साहन गर्ने।

(४) घरमा उत्पादन हुने कुहिने फोहरलाई भर्मिक कम्पोष्ट मल बनाउन आवश्यक गड्यौला वितरण गर्ने।

(५) विद्यार्थीहरुबाट उत्पादित एवं निर्मित वस्तु तथा सामाग्रीको बजारीकरणमा सहयोग गर्ने।

**विद्यालय / शिक्षकको भुमिका :-**

(१) विद्यार्थीहरुलाई तरकारी खेती फुलवारी निर्माण एवं खेर जाने प्लाष्टिकजन्य वस्तुवाट गमला,चकटी जस्ता सामाग्री बनाउने लगायतका कार्यमा सक्रिय रहन निरन्तर समन्वय एवं प्रेरित वा खरिद गर्ने।

(२) विद्यार्थीको मेहेनतबाट सृजित प्रतिफलको अवलोकन गर्ने र नियमित प्रगतिको जानकारी संकलन गर्ने गराउने र नगरपालिकामा जानकारी गराउने।

(३) विद्यार्थीले गरेका सिर्जनशील कार्यलाई विद्यार्थीको प्रयोगात्मक कार्य मानी प्रयोगात्मक परिक्षामा अंक दिने व्यवस्था मिलाउने।

**अभिभावकको भुमिका :-**

(१) आफ्ना बाबु नानीहरुको सृजनशील कार्यमा आवश्यक सहायता गर्ने एवं उप्रेरणा जगाउने।

(२) घरबाट उत्पादन हुने कुहिने एवं नकुहिने फोहरमध्ये कुहिने फोहरलाई खेतीका लागि आवश्यक हुने मलमा रुपान्तरण गर्न सहायता गर्ने।

(३) खेर जाने प्लाष्टिकजन्य फोहरबाट गमला, चकटी बनाउन सहायता गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

**विद्यार्थीको भुमिकाः -**

(१) खेतवारी वा कौसीमा अभिभावकको सहायताले तरकारी खेती वा फुलवारी निर्माण गर्ने।
(२) अभिभावकको सहायताले नियमित स्याहार गर्ने।
(३) कुहिने फोहरलाई भर्मिक कम्पोष्ट मल बनाउने।
(४) खेरजाने प्लाष्टिकजन्य वस्तुबाट गमला चकटी निर्माण गर्ने।

**कौसी खेती :**

कौसी खेती भन्नाले जमिन नभएको बजार ठाँउमा जमिनको सट्टामा घरको छत, वार्दलीमा गमला,प्लाष्टिक थैलीमा माटो भरी आफ्नो भान्सामा आवश्यक पर्ने साग,तरकारी खेती गर्नुलाई कौसी खेती भनिन्छ।

**कौसी खेती गर्ने प्रविधि :**

कौसी खेती विभिन्न प्रकारका काम नलाग्ने बस्तुबाट गमला थैली बनाई त्यसमा माटो र मल मिसाई तरकारी फलाउने गरीन्छ। जस्तै

- गमला
- प्लाष्टिक थैली
- टुटेफुटेका भाडाकुडाहरु
- प्लाष्टिकका बोरा (चावल र पिठोको कठ्ठा )
- छतमा माटो राखि ।

**खेर जाने पानीको सदुपयोग :**

पानीको सदुपयोगको लागि थोपा सिचाई भाडाकुडा धोएको पानी सङ्कलन गरी पानीको समुचित प्रयोग गर्न सकिन्छ।जस्तै

- प्लाष्टिक बोतल
- प्लाष्टिक मल्चिङ (प्लाष्टिकले छोप्ने प्रविधि)
- थोपा सिचाई

प्रमुख प्रशासकीय अधिकृत